# गण्डकी प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्या:
चलानी नं.:

माननीय मन्त्रीज्यूको
निजी सचिवालय
दिपेन्द्र बहादुर थापा

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल
माननीय मन्त्रीज्यूको निजी सचिवालय

## भू-संरक्षण दिवस-२०८० को शुभकामना

भिरालो भू बनोट, कमलो तथा अस्थिर भौगर्भिक अवस्था तथा मनसूनी अतिबृष्टी जस्ता प्राकृतिक कारणले नेपाल भू-क्षयको दृष्टिकोणले अत्यन्त सम्वेदनशील छ । यसका अतिरिक्त अनुपयुक्त भू उपयोग, वनजंगल, नदी, खानी लगायत प्राकृतिक श्रोतहरुको अदुरदर्शी दोहन, वातावरणीय पक्षको महत्व नबुझी सञ्चालन गरिने विकास निर्माण कार्यहरु एवं जनचेतनाको कमी लगायतका अन्य मानवीय क्रियाकलापहरुका कारण एकातर्फ प्राकृतिक रुपमा हुने भू-क्षयलाई बढाएको छ भने अर्कोतर्फ राष्ट्रले परिलक्षित गरेको दिगो विकासको मार्गचित्रमा समेत थप अवरोध सिर्जना गरेको छ ।

कृषि प्रणाली र मानवजीवनबीच अन्योन्याश्रित महत्व राख्ने माटो र पानीको संरक्षणका लागि जलाधार क्षेत्रको उचित व्यवस्थापन गर्न सरकार पक्षको पहलदमी र स्थानीय समुदायको सहभागिता महत्वपूर्ण हुन्छ । हाल भू-क्षयले गर्दा बर्षेनी खेतवारीको मलिलो माटो बगाई कृषि जमिनको उत्पादकत्वमा भएको ह्रासमा कमी ल्याउनु र बाढी पहिरोको कारण खेतीयोग्य जमिन र विकासका पूर्वाधारको बिनाश तथा जनधनको क्षतिलाई नियन्त्रण गर्नु अत्यावश्यक भईसकेको अवस्था छ । देशका महत्वपूर्ण जलाधार क्षेत्रहरुको संरक्षण गर्न र जनस्तरमा भू-संरक्षण सम्बन्धी सेवा प्रदान गर्न वि.सं. २०३१ साल श्रावण २४ गते केन्द्रीयस्तरमा वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत भू तथा जलाधार संरक्षण विभाग स्थापना गरी विभाग र जिल्ला तहमा भू-संरक्षण कार्यालयहरु स्थापना गरी जनस्तरमा भू-संरक्षणको सेवा प्रवाह सुरु गरिएको दिन श्रावण २४ गतेलाई भू-संरक्षण दिवसको रुपमा विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाउने गरिएको छ ।देश संघीय संरचनामा अघि बढेसँगै केन्द्रमा वन तथा भू-संरक्षण विभाग गठन भई जिल्लाहरुमा रहेका जिल्ला भू-संरक्षण कार्यालयहरु खारेज गरी एक प्रदेशमा दुईवटा भू तथा जलाधार व्यवस्थापन कार्यालय कायम गरिंदा जिल्लास्तरमा भू-संरक्षणको सेवा प्राप्त गरिरहेका समुदायमा सेवाप्रवाहमा संकुचन भएको अवस्था छ।

यस प्रदेशमा भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वत र तनहु मार्फत विभिन्न भू संरक्षण तथा जलाधार व्यवस्थापनका क्रियाकलापहरु संचालन गरिदै आएका छन् । यद्यपी यिनको परिमाण, क्षेत्र र प्रभावकारितामा अभिब्रिद्दी गरिनु अपरिहार्य छ । तिनै तहका सरकारहरुमार्फत हुने गरेका विकास निर्माणका गतिविधिहरुलाई भू-संरक्षण मैत्री बनाउन नसक्दा बाढी, पहिरो, भूक्षयका घटनाहरु अझ बढेर गएका छन् । बर्षेनी मानवीय क्षति तथा खेतबारी र विकास निर्माणका पूर्वाधारहरुमा परेको असरले राज्यले गरेको अरबौंको लगानी र जनजीविकाको आधारमा क्षति भई वर्षेनि सरकार र संरक्षणकर्मी निकायहरुको चुनौती थपिंदै गएको कुरा निर्विवाद छ ।

मन्त्री

यसै परिप्रेक्ष्यमा, भू-संरक्षण दिवसको अवसरमा बाढी, पहिरो र भूक्षयग्रस्त क्षेत्रमा वृक्षारोपण, छेकबाँध निर्माण, प्रवचन, सडक नाटक, प्रचारप्रसार जस्ता सन्देशमुलक कार्यक्रमहरु आयोजना गरी दिवस मनाउन र जनस्तरमा भू-संरक्षणको महत्व एवं औचित्य प्रष्ट्याउन अपरिहार्य छ । यस बर्ष भू-संरक्षण दिवसको अवसरमा तय गरिएको नारा **"जलवायु अनुकुलनको आधारः व्यवस्थित र संरक्षित जलाधार"** लाई सार्थक बनाउन नेपालको भिरालो भूगोल, कमजोर माटो, अधिक मनसुनी बर्षा, अबैज्ञानिक भूउपयोग र अव्यवस्थित विकास निर्माण कार्यबाट बर्षेनी हुने गरेको भूक्षय, पहिरो र बाढी तथा विपदजन्य घटनाहरुलाई न्यूनीकरण गर्नु तिनै तहका सरकारको प्रमुख दायित्व हुन आउँछ । यसका लागि उपयुक्त नीति, योजना तथा कार्यक्रम मार्फत भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यलाई प्राथमिक कार्यक्रमको रुपमा स्थान दिन र भू-संरक्षण र जलाधार ब्यवस्थापन जस्तो जनताको लागि नभई नहुने कार्यमा सक्रिय जनसहभागिता गराउन प्रदेश सरकार प्रयासरत छ । हरेक बर्ष हुने भूक्षय, बाढी, पहिरो तथा नदीकटानका कारण हुने जनधन तथा खेतीयोग्य जमिन र विकासका पूर्वाधारहरुमा हुने अपुरणीय क्षतिलाई घटाई जनतालाई सुरक्षित राख्न हामी सबैको एकीकृत प्रयास नै अहिलेको लागि निर्विकल्प समाधान रहेको छ ।

भू-संरक्षण दिवस २०८० को अवसरमा सम्पूर्ण गण्डकी प्रदेशवासी जनताहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । प्रदेशमा रहेका सबै स्थानीय तहहरु, सरकारी कार्यालयहरु, सुरक्षा निकाय, वन उपभोक्ता समूहहरु र वन, भू-संरक्षण, वातावरण र जैविक विविधतासँग सम्बन्धित क्षेत्रमा कार्यरत नागरिक समाज तथा सामुदायिक एवं गैरसरकारी निकायहरु समेतलाई भू-संरक्षण दिवस २०८० को अवसरमा बृक्षारोपण, प्रचारप्रसार, सडकनाटक, प्रवचन र अन्य जनचेतनामुलक कार्यहरु गरी बाढी, पहिरो र भूक्षय सिर्जना नहुने गरी संरक्षणमैत्री विकास निर्माणका कामहरु संचालन गर्न यस मन्त्रालयको तर्फबाट हार्दिक आव्हान गर्दछु । साथै यस दिन तथा आगामी दिनहरुमा प्रदेश सरकार एवं अन्य निकायहरुबाट आयोजना हुने भू-संरक्षण एवं अन्य संरक्षण कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाइदिनु हुन समेत अनुरोध गर्दछु ।

थापा
२०८०।४।२४
..........................
मन्त्री

मितिः २०८०।०४।२४
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा